शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८०/८१
चलानी नं. १७४६

मिति :२०८१/०२/२२
ने.स. ११४४, वछलागा, १३मंगलबार

विषयः सम्झौता तथा भुक्तानीको लागि फाईल पेश गर्ने र खाता बन्द हुने सम्बन्धमा।

श्री वडा कार्यालय/स्वास्थ्य संस्था/विद्यालय/विषयगत शाखाहरु (सबै),
श्री सेवाग्राहीहरु/उपभोक्ता समिति/निर्माण व्यवसायी/संघ-संस्था/सप्लायर्सहरु (सबै) ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा उल्लेख भए बमोजिम, महालेखा नियन्त्रक कार्यालय, काठमाडौं तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, कपिलवस्तुबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने, कर दाखिला गर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी सो को भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने व्यवस्था भएको र उक्त समयमा चाप बढी भई सर्वर डाउन हुने र सिस्टम नचल्ने अवस्था हुन जाने भएको हुँदा आर्थिक वर्ष २०८०।८१ मा यस शुद्धोधन गाउँपालिकाबाट विनियोजित तथा संचालित योजना तथा कार्यक्रमहरु मिति २०८१/०२/२५ गते भित्र सम्झौताका लागि पेश गर्ने र समझौता भई कार्यान्वयनको चरणमा रहेका योजना तथा कार्यक्रमहरु मिति २०८१/०३/१० गते भित्र सम्पूर्ण कार्य सम्पन्न गरी २०८१/०३/१५ गते सम्म अनिवार्य रुपमा भुक्तानी लिन आउनुहुन अनुरोध छ । उल्लेखित अवधीमा सम्पूर्ण प्रकृया पूरा गरी रकम भुक्तानीको लागि फाईल पेश नगरेको कारणबाट भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्पूर्णमा जानकारी गराईन्छ ।

२०८१/०२/२२

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

<u>सादर अवगतार्थः</u>
श्री अध्यक्षज्यू, शुद्धोधन गाउँपालिका ।
श्री उपाध्यक्षज्यू, शुद्धोधन गाउँपालिका ।
<u>कार्यार्थः</u> श्री योजना तथा अनुगमन शाखा, शुद्धोधन गाउँपालिका। (तोकिए बमोजिम योजना तथा कार्यक्रम सम्झौता तथा सम्पन्न गराउनका लागि आवश्यक समन्वय सहजीकरण गर्नुहुन) ।
श्री सूचना प्रविधि शाखाः (वेभसाईट, सूचना पाटी तथा सामाजिक सञ्जालमार्फत सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुन) ।